**क्रियाकलाप २.५[६]**
**साना उमेरका घरेलु श्रमिकको सङ्गठनीकरण**
**भूमिका अभिनयका लागि अवस्था**
**भूमिका :**
**जोयल्यान्ड राष्ट्रिय घरेलु श्रमिक सङ्गठनका सदस्यहरू**

- पेम्बा, २२ वर्ष, महिला, सङ्गठनकी संस्थापक सदस्य तथा नेता, १४ वर्षको उमेरदेखि घरेलु श्रममा संलग्न
- रिता, १७ वर्ष, प्रवासी, महिला, विगत १० महिनादेखि सङ्गठनकी सदस्य, १३ वर्षको उमेरदेखि घरेलु श्रममा संलग्न
- अहमद, २० वर्ष, पुरुष, विगत दुई वर्षदेखि सदस्य, १६ वर्षको उमेरदेखि घरेलु श्रममा संलग्न

**साना उमेरका घरेलु श्रमिकहरू**

- माली, २२ वर्ष, महिला, १५ वर्षको उमेरदेखि घरेलु श्रममा संलग्न
- करिमा, १६ वर्ष, महिला, १३ वर्षको उमेरदेखि घरेलु श्रममा संलग्न
- सोफोर्न, १५ वर्ष, पुरुष, १२ वर्षको उमेरदेखि घरेलु श्रममा संलग्न

**अवस्था**

सङ्गठनका तिन सदस्यले तिन साना उमेरका श्रमिकहरूलाई पार्क वा मन्दिर वा चर्चमा भेट्छन् । करिब तिन वर्ष पहिला सङ्गठनको स्थापना हुँदादेखि नै यसको सदस्य भएकी पेम्बाले आफ्नै गाउँकी करिमालाई राम्ररी चिन्छिन् । त्यसैले उनले आफ्नो सङ्गठनबारेको कुराकानीमा करिमा र उनका अन्य साथीहरूलाई बोलाएकी छिन् । छलफलमा रिता र अहमदले आफू सङ्गठनको सदस्य हुनाको कारण र सदस्य हुँदा कस्तो हुन्छ भन्ने बताउँछन् । 'सम्भाव्य' सदस्यहरूमध्ये हरेकले आफू किन सदस्य हुन नसकेको वा नचाहेको हो भनेर कम्तीमा एकएक कारण दिन्छन् । अब तिन सदस्यहरूले उनीहरूलाई सदस्य बन्नाको फाइदा बताएर उनीहरूका तर्कलाई जित्नुपर्नेछ ।

**पृष्ठभूमिसँग सम्बन्धित सूचना**

- सङ्गठनको स्थापना तिन वर्ष अगाडि भएको हो ।
- आन्तरिक २५० तथा प्रवासी ५० गरी जम्मा ३०० सदस्य छन् ।
- धेरै घरेलु श्रमिक सङ्गठनजस्तै यो पनि दर्ता भएको छैन (र नेतृत्वले यसबारे छलफल गर्दै छ ।)

- सदस्यताका लागि न्यूनतम उमेरबारे विधानमा स्पष्ट व्यवस्था नभए पनि प्रायः सदस्य १८ वर्ष वा सोभन्दा माथिका छन् ।
- यो देशमा रोजगारीका लागि न्यूनतम उमेर १८ वर्ष भए पनि १४ वर्ष पुगेपछि बालबालिकाले ‘हल्का’ काम गर्न पाउँछन् ।

– यहाँका करिब १० लाख घरेलु श्रमिकमध्ये एक तिहाइ १४देखि १७ वर्ष उमेरका छन् ।




भारतका घरेलु बाल श्रमिक बेचबिखनबारे सडक नाटक देखाउँदै ।
तस्बिर : झारखण्ड घरेलु कामदार युनियन

---

[i] This is a Nepali translation from IDWF-ILO (2017). Activity 2.5 Organizing young domestic workers, in Tackling Child Labour in Domestic Work: a Handbook for action for domestic workers and their organizations, page 106. Available in https://goo.gl/3Zaicr